18 June 2024

**समाचार पारसमणि दंगालबाट सुन्नुहोस्**

**सबैभन्दा पहिला आजका मुख्य समाचार**

- **भारतलाई विश्वको तेस्रो ठुलो अर्थव्यवस्थाका रूपमा विकसित गर्न कृषि क्षेत्रको भूमिका महत्वपूर्ण रहने प्रधानमन्त्रीले बताउनुभयो**
- **श्रीनगरमा आयोजना हुने  अन्तर्राष्ट्रिय योग दिवस समारोहमा प्रधानमन्त्रीले सहभागिता जनाउनु हुने**
- **योग र श्रीअन्नका बारेमा सचेतना फैलाउन ग्राम पञ्चायतलाई प्रधानमन्त्रीको आग्रह**
- **भारतको जीडीपी वृद्धि दर ७ दशमलव २ प्रतिशत हुने रेटिङ एजेन्सी फिचको अनुमान, अनि**
- **T-20 विश्वकपका सुपर 8 चरणका खेलहरू भोलिदेखि हुने**

**प्रधानमन्त्री किसान सम्मान निधि**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभएको छ, एकाइसौं शताब्दीमा भारतलाई विश्वको तेस्रो ठुलो अर्थव्यवस्थाका रूपमा विकसित गर्न कृषि क्षेत्रको भूमिका सर्वाधिक महत्वपूर्ण हुनेछ। उहाँले भन्नुभयो, सरकार देशमा कृषि विकास र किसान कल्याणका लागि प्रतिबद्ध छ।

आज उत्तर प्रदेशको वाराणसीमा प्रधानमन्त्री किसान सम्मान निधि - पीएम-किसान अन्तर्गत 20 हजार करोड रुपियाँ भन्दा धेरैको 17 औं किस्ती जारी गरेपछि प्रधानमन्त्रीले यस्तो विचार साझा गर्नुभएको हो।

किस्तीको रकम नौ करोड २६ लाख रुपियाँ लाभार्थी किसानहरूको खातामा सिधै पठाइनेछ। यस योजना अन्तर्गत अहिलेसम्म ११ करोडभन्दा धेरै किसान परिवारले ३ लाख करोड रुपियाँभन्दा धेरैको लाभ पाइसकेका छन्।

कार्यक्रममा प्रधानमन्त्रीले स्वयम्सहायता समूहका ३० हजारभन्दा धेरै महिलालाई कृषि सखीको प्रमाणपत्र पनि प्रदान गर्नुभयो।

प्रधानमन्त्री श्री नरेन्द्र मोदी आज र भोलि उत्तर प्रदेश र बिहारको भ्रमणमा हुनुहुन्छ। उहाँले आज साँझ वाराणसीको घाटमा गंगा आरती हेर्नका साथै काशी विश्वनाथ मन्दिरको पनि दर्शन गर्नुभयो।

भोलि बिहान प्रधानमन्त्रीले नालन्दाका अवशेषहरूको भ्रमण गर्नुहुनेछ। त्यसपछि उहाँले बिहारको राजगीरमा रहेको नालन्दा विश्वविद्यालयको क्याम्पसको उद्घाटन गर्नु हुनेछ। यस अवसरमा उहाँले जनतालाई सम्बोधन पनि गर्नु हुनेछ।

नालंदा विश्वविद्यालय भारत र पूर्वी एशिया शिखर सम्मेलन देशहरू बीच संयुक्त सहयोगको रूपमा परिकल्पना गरिएको छ। विश्वविद्यालय क्याम्पसको उद्घाटन समारोहमा १७ देशका मिसन प्रमुखसहित धेरै प्रतिष्ठित व्यक्तित्वको सहभागिता रहनेछ । लगभग 1 हजार 600 वर्ष पहिले स्थापना भएको नालन्दा विश्वविद्यालय विश्वको पहिलो आवासीय विश्वविद्यालयको रूपमा परिचित छ। नालन्दाका अवशेषहरूलाई सन् २०१६ मा संयुक्त राष्ट्रसङ्घले विश्व धरोहर स्थलका रूपमा  घोषणा गरेको थियो।

**योग दिवस-प्रधानमन्त्री श्रीनगर**

प्रधानमन्त्री श्री नरेन्द्र मोदी 21 जुनको दिन श्रीनगरमा आयोजना हुने १० औं अन्तर्राष्ट्रिय योग दिवस समारोहमा सहभागी बन्नु हुनेछ। यस वर्ष अन्तर्राष्ट्रिय योग दिवसको नारा 'आफू र समाजका लागि योग' रहेको छ ।

आज नयाँ दिल्लीमा पत्रकारहरूसँग कुराकानी गर्दै, केन्द्रीय आयुष मन्त्री श्री प्रतापराव जाधवले भन्नुभयो, यस वर्षको विषयवस्तुले व्यक्तिगत र सामाजिक कल्याणलाई बढावा दिन योगको दोहोरो भूमिकाको महत्त्व झल्काउँछ।

यस अवसरमा श्री जाधवले दृष्टिविहीन व्यक्तिहरूको सुविधाका लागि ब्रेल लिपिमा रहेको साझा योग प्रोटोकल पुस्तकको पनि विमोचन गर्नुभयो। उहाँले योगमाथिको प्रोफेसर आयुष्मान नामक कमिक पनि सार्वजनिक गर्नुभयो।  यस पुस्तकले नानीहरूलाई रुचि र मनोरञ्जनका साथ योग सिक्न र अभ्यास गर्न सहयोग गर्नेछ।

**प्रधानमन्त्रीको पत्र - ग्राम पंचायत**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले ग्राम पञ्चायतका प्रमुखहरूलाई योग र श्रीअन्नको बारेमा सचेतना फैलाएर समग्र स्वास्थ्यलाई जनआन्दोलन बनाउन आग्रह गर्नुभएको छ।  पञ्चायत परिसर, विद्यालय, आङ्गनवाड़ी, सामुदायिक स्वास्थ्य केन्द्रमा योगमा आधारित कार्यक्रम आयोजना गर्नाले जनता विशेषगरी युवालाई दिगो र तनावमुक्त जीवन शैली पालना गर्न प्रेरित गर्ने प्रधानमन्त्रीले ग्राम पाञ्चायतका प्रमुखहरूलाई पत्रमा बताउनुभएको छ।

10 औं अन्तर्राष्ट्रिय योग दिवसको लागि ग्राम पञ्चायतका सबै बासिन्दाहरूलाई शुभकामना दिँदै, श्री मोदीले यो कार्यक्रमलाई योगको विश्वव्यापी प्रभाव र मानिसहरूको जीवनमा यसको सकारात्मक प्रभावको प्रमाणको रूपमा वर्णन गर्नुभएको छ। उहाँले यस वर्षको अन्तर्राष्ट्रिय योग दिवसको नारा ‘आफू र समाजका लागि योग’ रहेको बताउनु भएको छ। यसले सरकारको स्वस्थ राष्ट्र निर्माणको प्रयासलाई थप गति दिनेछ।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**फिच-जीडीपी**

देशहरूको आर्थिक अवस्थाको मूल्याङ्कन गर्ने रेटिङ एजेन्सी फिचले चालू वित्त वर्ष २०२४-२५ का लागि भारतको सकल घरेलु उत्पादन जीडीपी वृद्धि दरको अनुमान ७ प्रतिशतबाट बढाएर ७ दशमलव २ प्रतिशत पुऱ्याएको छ। उपभोक्ता खर्चमा भएको सुधार र लगानी वृद्धिलाई ध्यानमा राखेर यसअघिको अनुमान परिमार्जन गरिएको हो। रेटिङ एजेन्सीले आज सार्वजनिक गरेको ग्लोबल इकोनोमिक एसेसमेन्ट प्रतिवेदनमा पनि सन् २०२४ को विश्वव्यापी वृद्धिदर अनुमान २ दशमलव ४ प्रतिशतबाट २ दशमलव ६ प्रतिशतमा पुऱ्याइएको छ। प्रतिवेदनका अनुसार युरोपेली अर्थतन्त्रमा सुधारको सम्भावना बढेको छ। चीन बाहेक विश्वका उदीयमान बजारहरूमा आन्तरिक मागमा वृद्धिको प्रवृत्ति देखिएको छ।

**मन की बात**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आफ्नो रेडियो कार्यक्रम मन की बातका लागि जनतासँग सुझाव आमन्त्रण गर्नुभएको छ। यो कार्यक्रम यही महिनाको ३० तारिख आकाशवाणीबाट प्रसारण हुनेछ। श्री मोदीले भन्नुभएको छ,  सुझावहरू रेकर्ड गरिएको सन्देशको रूपमा MyGov ओपन फोरम, नमो एप वा टोल फ्री नम्बर 1800-11-7800 मा पठाउन सकिन्छ। मन की बातको आगामी अंकका लागि यस महिनाको २८ तारिकसम्म सुझाउ पठाउन सकिनेछ।
श्री मोदी तेस्रो पल्ट प्रधानमन्त्री बनेपछि मन की बात रेडियो कार्यक्रमको यो पहिलो एपिसोड हो।

**अरुणाचल वर्षा**

अरुणाचल प्रदेशमा अविरल वर्षाका कारण जनजीवन प्रभावित भएको छ।  पहिरो र बाढीका कारण धेरै सडक मार्ग अवरुद्ध भएका छन्। मौसम विभागले अरुणाचल प्रदेशको **पपुम परे** र **कुरुङ कुमे** जिल्लाहरूमा रेड अलर्ट जारी गरेको छ।

अर्कोतिर, सिक्किममा सीमा सड़क संगठन अनि मंगन जिल्ला प्रशासनले हालै आएको भल पहिरो कारण सिक्किमको मंगन जिल्लाको  चुङथाङमा फसेंका पाँच सयभन्दा धेरै पर्यटकहरूलाई आज सफलतापूर्वक निकालेको छ।

**नेल्सन मण्डेला पुरस्कार**

विश्व प्रसिद्ध फिल्म निर्माता विनोद गणत्रालाई फिल्म निर्माणमा उहाँको योगदानको लागि दक्षिण अफ्रिकाको प्रतिष्ठित 'नेल्सन मण्डेला लाइफटाइम एचिभमेन्ट अवार्ड' द्वारा सम्मानित गरिएको छ। यो पुरस्कार पाउने उहाँ पहिलो भारतीय हुनुहुन्छ। बाल सिनेमामा उल्लेखनीय योगदानको लागि उहाँलाई सातौं नेल्सन मण्डेला बाल चलचित्र महोत्सवमा यो प्रतिष्ठित पुरस्कारले सम्मानित गरिएको हो। विनोद गणत्राले चार सयभन्दा धेरै वृत्तचित्र निर्देशन र सम्पादन गर्नुभएको छ। यस बाहेक उहाँले बालबालिका र युवाका लागि २५ वटा बहुभाषी टेलिभिजन कार्यक्रम पनि बनाउनु भएको छ।

**नीरज-जेभलिङ थ्रो**

जेभलिङ थ्रोमा, ओलम्पिक र विश्व च्याम्पियन नीरज चोपडाले आज फिनल्याण्डको **टर्कु**को **पाभो नुर्मी** स्टेडियममा वर्ल्ड एथलेटिक्स कन्टिनेन्टल गोल्ड टुरमा प्रतिस्पर्धा गर्दैछन्। एसियाली खेलकुदका स्वर्ण पदक विजेता तथा डायमण्ड लिगका फाइनलका विजेता रहेका नीरज चोपडाले जर्मनीका **म्याक्स देहनिङ**सँग चुनौतीको सामना गर्नेछन् ।

**T-20 विश्वकप**

आईसीसी टी–ट्वान्टी क्रिकेट विश्वकपको सुपर–८ राउण्डका लागि टीमहरूको टुङ्गो लागेको छ । नेपाललाई हराउँदै बंगलादेश सुपर ८ मा पुग्ने अन्तिम टीम बनेको छ । पहिलो समूहमा भारत, अष्ट्रेलिया, अफगानिस्तान र बंगलादेश रहेका छन् भने दोस्रो समूहमा अमेरिका, इंग्ल्याण्ड, वेस्ट इन्डिज र दक्षिण अफ्रिका रहेका छन् । सुपर–८ का खेलहरू १९ देखि २५ जुनसम्म हुनेछन्।
पहिलो खेल भोलि अमेरिका र दक्षिण अफ्रिकाबीच हुनेछ । यस चरणमा भारतको पहिलो खेल जुन २० तारिक अफगानिस्तानसँग हुनेछ। सबै खेल वेस्ट इन्डिजमा हुनेछन् । प्रत्येक समूहका शीर्ष दुई टीम सेमिफाइनलका लागि छनोट हुनेछन् ।
सुपर ८ मा सबै टिमले सेमिफाइनल पुग्न तीन खेल खेल्नु पर्नेछ भने दुई खेल जित्नु पर्नेछ । सेमिफाइनलका विजेता टोलीले बार्बाडोसमा २९ जुन मा हुने फाइनल खेल्नेछन्।

**अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट**

- **भारतलाई विश्वको तेस्रो ठुलो अर्थव्यवस्थाका रूपमा विकसित गर्न कृषि क्षेत्रको भूमिका महत्वपूर्ण रहने प्रधानमन्त्रीले बताउनुभयो**
- **श्रीनगरमा आयोजना हुने अन्तर्राष्ट्रिय योग दिवस समारोहमा प्रधानमन्त्रीले सहभागिता जनाउनु हुने**
- **योग र श्रीअन्नका बारेमा सचेतना फैलाउन ग्राम पञ्चायतलाई प्रधानमन्त्रीको आग्रह**
- **भारतको जीडीपी वृद्धि दर ७ दशमलव २ प्रतिशत हुने रेटिङ एजेन्सी फिचको अनुमान, अनि**
- **T-20 विश्वकपका सुपर 8 चरणका खेलहरू भोलिदेखि हुने**